# स्थानीय राजपत्र

भानु नगरपालिकाद्धारा प्रकाशित

खण्डः ०८ | संख्याः ०३ | मितिः२०८२/०५/३०


**भाग-०२**

## भानु नगरपालिका

नेपालको संबिधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको लागि प्रकाशन गरिएको छ।

# भानु नगरपालिका
# करार शिक्षक छनोट सम्बन्धी आन्तरिक कार्यविधि, २०८२

नगर शिक्षा समितिबाट स्वीकृत मितिः २०८२।०५।१९
नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०५।२०

**प्रस्तावना :**

लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार तथा नैतिक चरित्रवान नागरिक तयार गर्न यस नगरपालिकामा सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूको व्यवस्थापनमा सुधार गरी गुणस्तरयुक्त विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकाले भानु नगरपालिकाले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८ को क्रमसंख्या ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ३ को खण्ड ज र १०२ को उपदफा २ मा व्यवस्था भएबमोजिम शिक्षक छनोट कार्यलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउनका लागि यो करार शिक्षक छनोट सम्बन्धी आन्तरिक कार्यविधि, २०८२ जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम करार शिक्षक छनोट सम्बन्धी आन्तरिक कार्यविधि, २०८२ रहेको छ ।

२. यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

## परिच्छेद २
## परिभाषा

३. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :

क) "ऐन " भन्नाले भानु नगरपालिका शिक्षा ऐनलाई सम्झनुपर्छ ।

ख) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

ग) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको भानु नगरपालिकालाई सम्झनुपर्छ ।

घ) "नियमावली" भन्नाले भानु नगरपालिका शिक्षा नियमावली २०७८ सम्झनुपर्छ ।

ङ) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले भानु नगरपालिकाले तोकेको शिक्षा युवा तथा खेलकुद क्षेत्र हेर्ने शाखालाई सम्झनु पर्दछ ।

च) "कार्यपालिका " भन्नाले भानु नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

छ) "माध्यमिक शिक्षा " भन्नाले कक्षा ९ दखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

ज) "प्राविधिक तथा व्यवसायिक शिक्षा " भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयबस्तु सिकाईको व्यवस्था गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षालाई सम्झनुपर्छ ।

झ) "विद्यालय "भन्नाले भानु नगरपालिकाका सामुदायिक विद्यालय सम्झनुपर्छ ।

ञ) "सामदुायिक विद्यालय" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

ट) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

ठ) "शिक्षक सेवा आयोग" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरुको स्थायी नियुक्तिका लागि सिफारिस गर्ने आयोग सम्झनुपर्छ ।

ड) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनुपर्दछ ।

ढ) "राष्ट्रिय किताबखाना (शिक्षक)" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको विद्यालयका शिक्षकहरुको अभिलेख राख्ने केन्द्रीय निकाय सम्झनुपर्छ ।

ण) "प्रमुख" भन्नाले भानु नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

त) "उपप्रमुख" भन्नाले भानु नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

थ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भानु नगरपालिकाकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

द) "नगर शिक्षा अधिकारी" भन्नाले भानु नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

ध) "शिक्षा अधिकृत" भन्नाले विद्यालयको निरीक्षण तथा सुपरीवेक्षण गर्नका लागि नियुक्त शिक्षा सेवाको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ ।

न) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्राज्ञिक एवं प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्छ ।

ऩ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

प) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

फ) "नगर शिक्षा समिति" भन्नाले भानु नगर शिक्षा समितिलाई सम्झनुपर्छ ।

ब) "शिक्षक छनोट समिति" भन्नाले सामुदायिक विद्यालयका स्वीकृत दरबन्दी, राहत वा अनुदान कोटा तथा लियन (सट्टा) पदमा नियुक्त हुने शिक्षकहरुको छनोटका लागि कानून बमोजिम गठित शिक्षक छनोट समिति सम्झनुपर्छ ।

भ) "व्यवस्थापन समिति" भन्नाले भानु नगरपालिका शिक्षा ऐन २०७७ बमोजिम विद्यालयहरुमा गठन हुने विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

म) "स्थानीय सरकार सञ्चालन ऐन" भन्नाले संघीय संसदले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

य) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम गठन भएका गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ ।

र) "करार शिक्षक" भन्नाले स्थायी शिक्षक पदपूर्ति नभएसम्म स्वीकृत तथा राहत र अनुदान शिक्षक कोटामा अस्थायी रुपमा एक शैक्षिक सत्रका लागि नियमानुसार नियुक्त हुने शिक्षकलाई सम्झनुपर्छ ।

ऱ) "विषय विज्ञ" भन्नाले शिक्षक छनौटका लागि नगर शिक्षा समितिले सूचीकृत तथा अद्यावधिक गरेका तहगत एवं विषयगत शिक्षकहरुको समूहलाई सम्झनुपर्छ ।

## परिच्छेद ३
## करार शिक्षक छनौट सम्बन्धी व्यवस्था

३.१. विद्यालयले स्वीकृत दरबन्दीका शिक्षक, राहत तथा लियन पद रिक्त रहेको सात दिन भित्र पद रिक्त भएको कारण तथा विषय खुलाई विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा करार शिक्षक नियुक्तिका लागि अनुमति माग गर्नु पर्नेछ ।

३.२. नगरपालिकाबाट अनुमति प्राप्त भएपछि करार शिक्षक पदपूर्तिका लागि विद्यालय व्यवस्थापन समितिको निर्णयले १५ दिनको म्याद राखी नगरपालिका, शिक्षा युवा तथा खेलकुद शाखा, सम्बन्धित वडा कार्यालय, सम्बन्धित विद्यालय वा स्थानीय पत्रपत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । यसरी सूचना टाँस गरेको मुचुल्का समेत तयार गर्नु पर्नेछ ।

३.३. यसरी विज्ञापन गर्दा शुरुको सात दिन भित्र शिक्षक सेवा आयोगबाट करार शिक्षकका लागि तत्काल प्रकाशित अस्थायी सूचीमा समावेश भएका उम्मेदवारले रितपुर्वकको दरखास्त पेश गरेमा योग्यता क्रमको आधारमा विद्यालय व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रका लागि करारमा नियुक्ति गर्नेछ । तर त्यस्तो सूचीमा समावेश उम्मेदवार नभएमा वा ७ दिनभित्र दरखास्त नपरेमा बाँकी थप समय भित्र प्राप्त उम्मेदवारहरुमध्येबाट शिक्षक छनोट गर्नका लागि नियमानुसार शिक्षक छनौट समिति गठन गरी आवश्यक प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

३.४. यसरी दफा ३ बमोजिम करार शिक्षक पदमा निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, तालिम, नेपाली नागरिकताको प्रमाणपत्र तथा अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि तथा व्यक्तिगत विवरण निवेदन साथ अनिवार्य पेश गर्नु पर्नेछ ।

३.५. यस कार्यविधि बमोजिम नियुक्त गरेका शिक्षक तथा कर्मचारीहरूको व्यक्तिगत विवरण सहित नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा अभिलेखीकरण गर्नु पर्नेछ ।

३.६. यसरी करार शिक्षक नियुक्ति गरिएको दरवन्दीमा शिक्षक सेवा आयोगबाट स्थायी नियुक्तिका लागि सिफारिस भई आएमा उक्त शिक्षक स्वतः अवकाश हुनेछ ।

३.७. यस कार्यविधि बमोजिम प्रक्रिया नपुऱ्याई शिक्षक नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर गरी नियुक्ति गर्ने अधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

३.८. करार शिक्षकका लागि उम्मेदवारहरुको परीक्षा शुल्क शिक्षक सेवा आयोगले स्थायी शिक्षक छनोटका लागि तोकेको दरखास्त दस्तुर भन्दा बढी हुनेछैन ।

३.९. उम्मेदवारले आवेदन सम्बन्धित विद्यालयले तोकेको स्थान र समयमा पेश गर्नु पर्नेछ विज्ञापनमा स्पष्ट रुपमा खुलाइएको हुनुपर्नेछ।

३.१०. दरखास्त दिने म्याद सकिए पछि परीक्षा हुनु एकदिन अगावै परीक्षाका लागि आवेदन दिने सबै उम्मेदवारहरुको व्यक्तिगत विवरण सहितको फाइल शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद ४
## शिक्षक छनोट समिति

४.१. सामुदायिक विद्यालयमा करार शिक्षक नियुक्तिका लागि देहाय बमोजिम एक छनौट समिति गठन गरिनेछ ।

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा विद्यालय व्यवस्थापन समितिले तोकेको सो समितिको सदस्य - अध्यक्ष

ख) शिक्षा अधिकृत वा नगर शिक्षा अधिकारीले तोकेको व्यक्ति - सदस्य

ग) विषय विज्ञको सूचीबाट नगर प्रमुखको परामर्शमा नगर शिक्षा अधिकारीले परीक्षाको दिनमा छनोट गरेका बढीमा २ जना सम्बन्धित बिषयका विशेषज्ञ - सदस्य

घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

४.२ उपदफा ४.१ (ग) अनुसारको विज्ञ सूची नगर शिक्षा समितिले देहाय बमोजिम गठन तथा अद्यावधिक गर्नेछ ।

क) नगरपालिकाले प्रत्येक वर्ष चैत्र मसान्त भित्र सूचना प्रकाशन गरी विषय विज्ञहरूको निवेदन माग गर्नेछ र सो सूची नगर शिक्षा समितिले अनुमोदन गरेपछी २ वर्ष सम्म कायम रहनेछ । विषय विज्ञमा सूचीकृत हुनका लागि अनुसूची १ बमोजिमको दरखास्त फाराम र उल्लेखित प्रमाणपत्रहरु संलग्न राखी भानु नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

ख) विषय विज्ञहरूको रुपमा सूचिकृत हुन चाहने इच्छुक व्यक्तिले आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसारका सम्बन्धित तह र विषयको २÷२ प्रति उत्तरकुञ्जिका सहितका प्रश्नपत्र निवेदन साथ पेश गर्नु पर्नेछ ।

ग) सूचिकृत विषय विज्ञ मध्ये सम्बन्धित विद्यालयको करार शिक्षक छनोट समितिमा उक्त विद्यालयका प्रधानाध्यापक र शिक्षक र उम्मेदवारको एकाघरको सदस्यलाई विषय विज्ञमा मनोनित गरिने छैन । विषय विज्ञ सूचीको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

घ) नगरपालिकाको कुनै पनि विषयको विज्ञ सूचीमा दुई वा दुई भन्दा कम भएमा अन्य पालिकाबाट समेत विषय विज्ञ लिन सकिनेछ । यसका लागि नगरपालिकाले जिल्लाका अन्य छिमेकी पालिकाबाट विषय विज्ञको सूची मगाई अद्यावधिक गर्न सक्नेछ ।

४.३. उपदफा ४.२. (क) बमोजिम सूचिकृत हुने विषय विज्ञहरूको योग्यता देहाय बमोजिम हुनेछ ।

क) आधारभूत तह कक्षा १-५ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरी शिक्षा बिषयमा कम्तिमा १० महिने तालिम लिएको तथा सम्बन्धित तह वा सो भन्दा माथिको पदमा स्थायी भई कम्तिमा ३ वर्ष सेवा गरेको,

ख) आधारभूत तह कक्षा ६-८ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको तथा सम्बन्धित तह वा सो भन्दा माथिको पदमा स्थायी भई कम्तिमा ३ वर्ष सेवा गरेको,

ग) माध्यमिक तह कक्षा ९-१० का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको तथा सम्बन्धित तह वा सो भन्दा माथिको पदमा स्थायी भई कम्तिमा ३ वर्ष सेवा गरेको,

घ) माध्यमिक तह कक्षा ११-१२ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको तथा सम्बन्धित तह वा सो भन्दा माथिको पदमा स्थायी भई कम्तिमा ३ वर्ष सेवा गरेको र माध्यमिक तह द्वितीय श्रेणीको शिक्षक वा क्याम्पसको सम्बन्धित विषयको उपप्राध्यापक वा सहप्राध्यापक,

ङ) शिक्षा सेवाको अधिकृत तहमा कम्तिमा ५ वर्ष स्थायी सेवा गरेका सम्बन्धित विषयका कार्यरत वा सेवा निवृत्त कर्मचारी,

छ) विश्वविद्यालय अन्तर्गतका क्याम्पसमा कम्तिमा ५ वर्ष सेवा गरेका सहप्राध्यापक, उपप्राध्यापक, सहायक प्राध्यापक वा सेवा निवृत्त प्राध्यापक

४.४. उपदफा ४.१. ग) बमोजिम मनोनित सदस्यको पदावधी सो छनोट कार्य पुरा नहुँदा सम्म मात्र कायम रहनेछ ।

४.५. करार शिक्षक छनोट समितिको सचिवालय भानु नगरपालिकामा रहनेछ ।

४.६. शिक्षक सेवा आयोगले शिक्षक छनोट सम्बन्धी मापदण्ड वा कार्यविधि बनाई लागु गरेमा शिक्षक छनोट गर्दा शिक्षक छनोट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

४.७. करार शिक्षक छनोट गर्ने विद्यालयका प्रअले परीक्षा हुनुभन्दा एकदिन अगावै दरखास्त दिने उम्मेदवारहरुको नामनामेसी सहितको फाइल शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

४.८ बैठक सम्बन्धी अन्य मापदण्ड समिति आँफैले निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद ५
## शिक्षक उम्मेदवार बन्नका लागि चाहिने शैक्षिक योग्यता तथा तालिम

५.१. करार शिक्षकमा उम्मेदवार हुनका लागि देहाय बमोजिमको न्युनतम् शैक्षिक योग्यता र तालिम प्राप्त हुनु पर्नेछ ।

क) आधारभूत तह (कक्षा १-५) : मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवLणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण र कम्तिमा दश महिने तालिम प्राप्त ।

ख) आधारभूत तह (कक्षा ६-८) : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण र कम्तिमा दश महिने तालिम प्राप्त ।

ग) माध्यमिक(कक्षा ९-१०) तहः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र तालिम प्राप्त ।

घ) माध्यमिक(कक्षा ११-१२) तह : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित बिषयमा न्यूनतम द्वितीय श्रेणीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र तालिम प्राप्त ।

ङ) उपदफा ५.१.मा उल्लेख भएको तालिम प्राप्त हुनका लागि शिक्षण पेशा संग सम्बन्धित १० महिना अवधिको तालिम पुरा गरेको हुनु पर्नेछ । शिक्षा शास्त्र विषय लिई आवश्यक न्यूनतम योग्यता वा सो भन्दा माथिको योग्यता हासिल गरेका व्यक्तिलाई तालिम प्राप्त मानिनेछ ।

## परिच्छेद ६
## उम्मेदवारका लागि आवश्यक योग्यता

६.१. देहायका व्यक्तिहरू करार शिक्षक पदमा नियुक्त हुनका लागि योग्य हुने छैनन्

क) गैर नेपाली नागरिक,

ख) १८ वर्ष उमेर नपुगेको,

ग) ४० वर्ष उमेर पुरा भएको,

घ) मगज बिग्रेको,

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

च) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको,

छ) अध्यापन अनुमति पत्र नभएको,

६.२ अध्यापन अनुमति पत्र सम्बन्धी विशेष व्यवस्था : निम्न माध्यमिक र माध्यमिक तहमा अंग्रेजी, गणित, विज्ञान, लेखा, कम्प्युटर विज्ञान, कम्प्युटर इन्जिनियरिङ्, इलेक्ट्रोनिक्स इन्जिनियरिङ्, सिभिल इन्जिनियरिङ्, पशुपालन र वाली विज्ञान विषयका लागि शुरुको १५ दिनको विज्ञापनमा अध्यापन अनुमति पत्र भएकf उम्मेदवारको दरखास्त नपरेमा पुनः दोस्रोपटक 7 दिनको विज्ञापन गर्नुपर्नेछ । यसरी दोस्रोपटक विज्ञापन गर्दा शैक्षिक योग्यता पुगेको तर अध्यापन अनुमति पत्र नभएका उम्मेदवारले पनि दरखास्त दिन सक्नेछन् ।

## परिच्छेद ७
## परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था

७.१. करार शिक्षक तथा कर्मचारीहरूको लिखित, प्रयोगात्मक (आवश्यकता अनुसार) तथा अन्तर्वार्ता परीक्षाको माध्यमद्वारा छनोट गरिनेछ ।

७.२. करार शिक्षक छनोटका लागि लिखित परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगको स्थायी शिक्षक सेवाका लागि तय गरेको पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ ।

७.३. लिखित परीक्षा ३ (तीन) खण्डमा सञ्चालन हुनेछ ।

७.३.१. प्रथम खण्ड बस्तुगत परीक्षाः आयोगले तोकेको पाठ्यक्रमका आधारमा १०० पूर्णाङ्कका ५० प्रश्नहरू एक घण्टा समयको परीक्षा हुनेछ ।

क) बस्तुगत परीक्षाको उत्तीर्णाङ्क ५० अंक प्राप्त गर्नेलाई मात्र दोस्रो खण्डको विषयगत परीक्षामा सामेल गराइनेछ ।

ख) बस्तुगत परीक्षाको प्राप्ताङ्कको ५० प्रतिशत अंक मात्र अन्तिम नतिजामा समावेश गरिनेछ ।

ग) परीक्षाको उत्तरपुस्तिका परीक्षण गर्नु अघि शिक्षा अधिकृतले गोप्य ढंगले कोडिङ् गरी कुन उत्तर पुस्तिका कुन परीक्षार्थीको हो भन्ने कुरा कुनैपनि हिसाबले नचिनिने गरी परीक्षक विज्ञहरुलाई उपलब्ध गराइनेछ । उत्तर पुस्तिका

परीक्षण पश्चात पनि शिक्षा अधिकृतले नै गोप्य ढंगले नै डिकोडिङ् गर्नेछ । पहिलो, दोस्रो र तेस्रो गरी कुनैपनि चरणको प्राप्ताङ्क सार्वजनिक गरिने छैन । उत्तरपुस्तिका कोडिङ् तथा डिकोडिङ फारामको ढाँचा अनुसूची ३ बमोजिम हुनेछ ।

७.३.२. दोस्रो खण्ड विषयगत परीक्षाः प्रथम खण्डमा उत्तीर्ण भएका परीक्षार्थीहरूलाई आयोगले तोकेको पाठ्यक्रमको आधारमा १०० पूर्णाङ्कको विषयगत लिखित परीक्षा सञ्चालन गरिनेछ । विषयगत लिखित परीक्षा ३ घण्टाको हुनेछ र उत्तीर्णाङ्क ४० हुनेछ । दोस्रो खण्डको परीक्षामा आवश्यक अंक प्राप्त नगर्ने उम्मेदवारलाई तेस्रो चरणको परीक्षामा समावेश गराईने छैन ।

क) विषयगत लिखित परीक्षाबाट सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरूको नाम वर्णानुक्रम अनुसार आयोगले तोकेको प्रतिशतका आधारमा नाम प्रकाशन गरिनेछ ।

७.३.३. तेस्रो खण्ड प्रयोगात्मक (आवश्यकता अनुसार) र अन्तर्वार्ताः प्रयोगात्मक र अन्तर्वार्ता परीक्षा २५÷२५ अंकको हुनेछ ।

क) सबै विषयमा प्रयोगात्मक परीक्षा अनिवार्य हुने छैन । आवश्यकता अनुसार प्रयोग गर्न सकिनेछ ।

ख) अन्तरवार्तामा कोडिङ् र डिकोडिङ गर्ने शिक्षा अधिकृत वा अन्य कर्मचारी बाहेक अन्य सदस्यले मात्र अंक प्रदान गर्नेछ ।

ग) अन्तर्वार्ताको अंक देहाय बमोजिम दिइनेछ ।

अ) शिक्षण अनुभव वापत सोही तहको अस्थायी वा राहत वा नगरपालिकाको आन्तरिक स्रोतमा कार्यरत अनुदान शिक्षकको रुपमा काम गरी सेवा प्रमाणित कागजात पेश गरेमा प्रत्येक वर्षको ०.५ अंकका दरले बढीमा ५ अंक सम्म दिइनेछ ।

आ) सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणी भए ३ अंक, द्बितीय श्रेणी भए २ अंक दिइनेछ । साथै माथिल्लो शैक्षिक योग्यता वापत प्रथम श्रेणीको भए २ अंक र द्बितीय श्रेणीको भए १ अंक गरी शैक्षिक योग्यता बापत बढीमा ५ अंक दिइनेछ ।

इ) अन्तरवार्तामा व्यक्तित्व वापत १, विषयवस्तुको ज्ञान ६, प्रस्तुतीकरण ४, तार्किक क्षमता २ र आन्तरिक क्षमता २ गरी कूल १५ अंक हुनेछ ।

ई) अन्तरवार्ता वापतको १५ अंक छनोट समितिका घटीमा ३ जना बढीमा ५ जना सम्मले गरेको मूल्याङ्कनलाई जोडेर औषत अंक निकfलिनेछ । यसरी दिईने अंक घटिमा ३५ प्रतिशत र बढीमा ७० प्रतिशत सम्म दिईनेछ यदि सो भन्दा घटी वा बढी दिनु परेमा स्पष्ट कारण खुलाउनु पर्नेछ । अन्तरवार्ता मूल्याङ्कन फाराम अनुसूची ४ बमोजिम हुनेछ ।

७.३.४. प्रयोगात्मक परीक्षा (आवश्यकतानुसार) र अन्तरवार्ताको मूल्याङ्कन सकिएपछि मात्र सबै सदस्यले हेर्न मिल्ने गरी उत्तरपुस्तिका डिकोडिङ गरी सबै खण्डको प्राप्ताङ्क जोडी सबै भन्दा बढी अंक ल्याउने उम्मेदवारलाई सफल उम्मेदवार र बाँकी उम्मेदवारमध्ये क्रमशः बढी अंक प्राप्त गर्ने २ जना सम्म वैकल्पिक उम्मेदवारका रुपमा अन्तिम नतिजा प्रकाशन गरी सफल उम्मेदवारलाई नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्नु पर्नेछ ।

## परिच्छेद ८
## नियुक्ति सम्बन्धमा

८.१. करार शिक्षक तथा कर्मचारी छनोट समितिबाट सिफारिस गरेको सफल उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले ७ (सात) दिन भित्र करार सम्झौता गरी बढीमा एक वर्ष वा एक आर्थिक वर्षको लागि नियुक्ति दिनु पर्नेछ ।

८.२. सिफारिस भएको मुख्य उम्मेदवार नियुक्ति बुझेको मितिले ७ (सात) दिन भित्र विद्यालयमा हाजिर नभए व्यवस्थापन समितिले वैकल्पिक उम्मेद]fरलाई नियुक्ति दिनेछ ।

८.३. नियम ८.१ र ८.२ बमोजिम नियुक्त भएको शिक्षकको १ वर्ष भित्र पदबाट राजिनामा दिई वा पदीय आचारण विपरित अवाञ्छित क्रियाकलाप गरेको कारणले कारवाहीमा पद पदमुक्त भई पद रिक्त हुन आएमा वा अन्य विद्यालयमा सरुवा भई गएमा वा निजको मृत्यु भई पद रिक्त हुन आएमा नियम ७.३.४ बमोजिमका योग्यताक्रमका आधारमा बढी अंक प्राप्त गर्ने बैकल्पिक उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले करारमा शिक्षक नियुक्त गर्न सक्नेछ । यसरी नियुक्त शिक्षकको विवरण विद्यालयले नगरपालिकाको शिक्षा युवा तथा खेलकुल शाखामा पठाउनुपर्नेछ ।

## परिच्छेद ९
## विविध

९.१. उजुरी सम्बन्धी व्यवस्थाः करार शिक्षक छनोट तथा नियुक्ति सम्बन्धी विषयमा चित्त नबुझेमा कुनै उम्मेदवारले परीक्षा सम्पन्न भएको तीनदिन भित्र कारण र आधार खोली सम्बन्धित उम्मेदवार नै उपस्थित भई शिक्षा, युवा तथा खेलकुद शाखामा उजुरी दिन सक्नेछ । उजुरीकर्ताले निवेदन साथ भानु नगरपालिकाको आन्तरिक राजस्व खातामा रु पाँचसय जम्मा गरेको भौंचर पेश गर्नुपर्नेछ ।

९.२. उपदफा (१) बमोजिम प्राप्त उजुरीमा छानबीन गर्न देहाय बमोजिम एक उजुरी छानबीन समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत - संयोजक

ख) नगर शिक्षा समितिका सदस्य मध्येबाट नगर प्रमुखले तोकेको एकजना - सदस्य

ग) भानु नगरपालिकाको प्रशासन शाखा प्रमुख - सदस्य

घ) नेपाल शिक्षक महासंघको प्रतिनिधि एकजना - सदस्य

ङ) नगर प्रमुखले तोकेको भानु नगरपालिकाको अधिकृत - सदस्य सचिव

९.३. पारिश्रमिक सम्बन्धी व्यवस्था : शिक्षक छनोट समितिका सम्बन्धित विद्यालयका पदाधिकारी बाहेक अन्य पदाधिकारीहरुलाई बैठक भत्ता तथा पारिश्रमिकको व्यवस्था गरिनेछ ।बैठक भत्ता तथा खाना र खाजाको व्यवस्थापन नगरपालिकाले नै गर्नेछ । शिक्षक छनोटको क्रममा बसेको बैठकहरुको एकमुष्ठ रकम रु ३०००/- (अक्षरुपी तीनहजार) का दरले बैठक भत्ता तथा पारिश्रमिक लिन पाइनेछ । विषय विज्ञहरुका लागि दुरीका आधारमा यातायात खर्च थप उपलब्ध गराउन यस नियमले बाधा पर्ने छैन ।

९.४. शिक्षक छनोट सम्बन्धी पाठ्यक्रम, परीक्षा, उम्मेदवारको योग्यता, नियुक्ति लगायतका अन्य सबै प्रक्रिया शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ । शिक्षक छनोट समितिको बैठकको माइन्युटको ढाँचा अनुसूची ५ बमोजिम हुनेछ ।

९.५. यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै कार्यविधि बमोजिम र उल्लेख नभएका विषयको हकमा शिक्षा ऐन, शिक्षा नियमावली, शिक्षक सेवा आयोगको नियमावली, नगर शिक्षा ऐन, नियमावली तथा ८न्य प्रचलित कानून बमोजिम हुनेछ ।

९.६. यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्रावधान प्रचलित ऐन कानुनसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

९.७. यस कार्यविधिको व्याख्या / संशोधन गर्ने अधिकार भानु नगर कार्यपालिकालाई मात्र हुनेछ ।

| |
|---|
| हालसालै खिचेको पासपोट साइजकोपुरा मुखाकृति देखिने फोटो टाँसी फोटोमा समेत पर्ने गरी उम्मेद्वार र अधिकृत कर्मचारीले दस्तखत गर्ने |

**अनुसुची १**

भानु नगरपालिका

शिक्षा युवा तथा खेलकुद शाखा

# विषय विज्ञमा सुचीकृत हुन दिइने दरखास्त फारामको ढाँचा

१ सूचना नं / मिति ................ २) तह/श्रेणी : ............... ३) अध्यापन गर्ने विषयः ..........

४) कार्यरत विद्यालयको नाम र ठेगानाः ............................ ५) शुरु नियुक्ति मितिः ......................

६) बढुवा मिति/हालको पदमा स्थायी नियुक्ति मितिः ..................

**व्यक्तिगत विवरण सम्बन्धी**

| | | | | |
|---|---|---|---|---|
| आवेदकको | नामथर | देवनागरी लिपिमाः | | |
| | | In English capital letter | | |
| | नाः.नं.प्र. | | जारी गरेको जिल्ला : | जारी मिति : |
| | स्थायी अध्यापन अनुमति पत्र नंः . | | तह : | विषय : |
| | सिटरोल नंः . | लिङग : | धर्म : | जाति : |
| | विशेष चिन्ह : (हुलिया) | | | |
| | वैवाहिक स्थिति : | | मातृभाषा : | |
| स्थायी ठेगाना | जिल्ला : | | गाः .पा.न/.पा. | |
| | वडा नंः . | | टोल : | |
| | मार्गः .घर नं / | | फोन नंः . | |

| | | | |
|---|---|---|---|
| पत्रचार गर्ने ठेगाना : | | इमेल | |
| खाता भएको बैंकको नाम : | | शाखा : | खाता नंः . |
| बाबुको नामथर : | | आमाको नामथर : | |
| बाजेको नामथर : | | पतिः पत्नीको नामथर/ | |
| इच्छाइएको व्यक्तिको नाम : | नाता : | स्थायी लेखा) PAN:.नं ( | |
| जन्ममिति : (गते ,महिना,साल) | विः .सं. | ईः .सं. | |
| | आवेदन दिने अन्तिम मिति सम्मको उमेरः वर्ष ..... महिना .... दिन...... | | |
| सवारी साधन भए सोको विवरण : | सवारी साधनको किसिमः | | सवारी साधन नं |

**योग्यता सम्बन्धी विवरण**

| क्र.स. | अध्ययन गरेको संस्थाको नाम | उत्तीर्ण गरेको | | | कुल प्राप्ताङक | प्रतिशत | मुख्य विषयहरु |
|---|---|---|---|---|---|---|---|
| | | परीक्षा | साल | श्रेणी | | | |
| १ | | | | | | | |

**दश महिना वा सो भन्दा माथिको तालिममको विवरण**

| क्रस. | तालिम दिने संस्थाको नाम | तालिमको नाम | विषय | परीक्षा उत्तीर्ण गरेको साल | श्रेणी | प्रतिशत | तालिमको अवधि | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | देखि | सम्म |
| १ | | | | | | | | |
| २ | | | | | | | | |

**अनुभव सम्बन्धी विवरण**

| क्र स. | नियुक्ति बढुवा /सरुवा/ भएको श्रेणी/तह/पद | निर्णय मिति | | | | बहाली मिति | | विद्यालयको नाम | अवधि | | सेवा अवधि | | | करार/ राहत /स्थायी/ अस्थायी/ राहत/ बढुवा/ सरुवा के हो कारण खुलाउने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साल | महिना | गते | साल | महिना | गते | | देखि | सम्म | वर्ष | महिना | दिन | | |
| १ | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | |

**विज्ञ हुन चाहेको तह र विषय**

| क्र.स. | तह | बिषयहरु |
|---|---|---|
| १ | | |
| २ | | |

आवेदन फारामका साथ मैले पेश गरेको विवरण ठीक छ । विज्ञका लागि दिइएको निर्देशनहरु मैले राम्ररी पढेको छु र म ती सबै शर्तहरु पालन गर्न मञ्जुर गर्दछु । यसमा लेखिएका विवरणहरु झुट्टा हठरिएमा कानून बमोजिम सहुँला बुझाउँला ।

| दायाँ | बायाँ |
|---|---|
| | |

आवेदकको दस्तखतः

नाम थर :

मिति :

# अनुसुची २

## विषय विज्ञको अभिलेख फारामको ढाँचा

| क्र सं | नामथर | तह | सुरु नियक्ति मिति | | हालको पदमा नियुक्त मिति | विषय | कार्यरत विद्यालय | स्थायी ठेगाना | स्थायी लेखा नं. | बैंक खाता नं. र बैंकको नाम | सुची कायम रहने अन्तिम मिति | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अस्थायी | स्थायी | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

# अनुसूची ३

## उत्तरपुस्तिका कोडिङ तथा डिकोडिङ फारामको ढाँचा

विद्यालयको नाम र ठेगाना :

सञ्चालन भएको परीक्षाको तह र श्रेणी

किसिम

| क्र.सं. | उम्मेदवारको नाम थर | ठेगाना | तह /विषय | प्रथम पत्रको कोड | प्रथम पत्रको ५०% | दोस्रो पत्रको कोड | दोस्रो पत्रको प्राप्ताङ्क | अन्तर वार्ता | न्यूनतम शै. यो.अंक | माथिल्लो शै.यो.अंक | शिक्षण अनुभव अंक | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |

कोडिङ गर्ने व्यक्तिको दस्तखत र मिति :

कोडिङ गर्ने को व्यक्तिको नामथर :

अनुसूची ४

# अन्तरवार्ता मूल्याङ्कन फाराम

विद्यालय को नाम र र ठेगाना ...................................  विषय ........................  तह ..........................

| क्र.सं. | नामथर | व्यक्तित्व (१) | विषयवस्तुको ज्ञान (६) | प्रस्तुतीकरण (४) | तार्किक क्षमता (२) | आन्तरिक क्षमता (२) | कुल जम्मा (१५) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| | | | | | | | | |

अन्तरवार्ता लिने व्यक्तिको नाम :  दस्तखत

मिति :

### अनुसूची ५

## शिक्षक छनोट समितिको बैठकको माइन्यूटको ढाँचा

### बैठक नं १

आज मिति २०........ साल ................ गतेका दिन भानु नगरपालिका शिक्षा ऐन २०७७ बमोजिम गठित शिक्षक छनोट समितिको बैठक छनोट समितिका अध्यक्ष एवं विव्यस अध्यक्ष श्री .................... को अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री.............................................
२. सदस्य नगर शिक्षा अधिकारी श्री.......................
३. सदस्य शिक्षा अधिकृत श्री..........................
४. सदस्य सचिव श्री ...........................................

प्रस्ताव नं. १ विषय विज्ञ छनोट सम्बन्धमा ।

निर्णय नं.१. मिति................................मा भानु नगरपालिकामा सञ्चालन हुने यस श्री ............................विद्यालयको ..............तह...........श्रेणी........विषयको करार/राहत/अनुदान/नगरपालिका अनुदान/.......................शिक्षक छनौट परीक्षामा भानु नगरपालिका/.........................मा सूचीकृत विषय विज्ञहरुमध्ये तपसिलका शिक्षक/............विषय विज्ञमा छनौट गर्ने निर्णय गरियो ।

१. श्री...................................................................
२. श्री...................................................................

## बैठक नं २

आज मिति २०........ साल ................ गतेका दिन भानु नगरपालिका शिक्षा ऐन २०७७ बमोजिम गठित शिक्षक छनोट समितिको बैठक छनोट समितिका अध्यक्ष एवं विव्यस अध्यक्ष श्री .......................................... को अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री.............................................
२. सदस्य शिक्षा अधिकृत श्री.........................
३. विषय विज्ञ श्री ...............................................
४. विषय विज्ञ श्री ...........................................
५. सदस्य सचिव श्री ...........................................

**प्रस्ताव नं.१ परीक्षाको पाठ्यक्रम तथा सञ्चालन कार्यविधि सम्बन्धमा ।**

**निर्णय नं१** श्री .....................विद्यालयमा रिक्त रहेको.......तह...........श्रेणी........विषयको करार/राहत/अनुदान/...... शिक्षक पदमा शिक्षक पदपूर्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्ने प्रयोजनार्थ मिति..................मा लिइने लिखित एवं मौखिक परीक्षाको सञ्चालन कार्यविधि शिक्षा नियमावली २०५९ शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधन सहित) र शिक्षक सेवा आयोगको परिमार्जित पाठ्यक्रम अनुसार देहाय बमोजिम सञ्चालन गर्ने निर्णय गरियो ।

(क) लिखित परीक्षा सामान्य परीक्षा १०० र विषयगत परीक्षा २०० अंकको हुनेछ । अंक र विषयगत परीक्षा 100

(ख) सामान्य परीक्षाको पूर्णाङ्क १०० रहनेछ । यसमा सम्बन्धित तहको पाठ्यक्रम बमोजिम कुल ५० वटा वहुबैकल्पिक प्रश्न सोधिनेछ र हरेकको अंक २ रहनेछ ।सामान्य परीक्षाको समय १ घण्टा हुनेछ । सामान्य परीक्षामा कम्तिमा ५० अंक ल्याउने उम्मेदवारलाई उत्तीर्ण घोषित गरिनेछ र निजलाई दोस्रो खण्डको विषयगत परीक्षामा सहभागी गराइनेछ ।

(ग) विषयगत परीक्षाको पूर्णाङ्क १०० मा १० वटा प्रश्न सोधिनेछ । हरेक प्रश्नको अंक १० रहनेछ । उत्तीर्णाङ्क ४० र परीक्षाको समय ३ घण्टा रहनेछ । विषयगत परीक्षामा उत्तीर्ण भई बढी अंक प्राप्त गर्ने आवश्यक उम्मेदवारहरुको नाम नेपाली वर्णानुक्रम अनुसार प्रकाशित गरी प्रयोगात्मक परीक्षा (आवश्यकतानुसार) र अन्तरवार्तामा सहभागी गराइनेछ ।

(घ) प्रयोगात्मक परीक्षा र अन्तरवार्ताको पूर्णाङ्क २५ रहनेछ ।

(ङ) मौखिक परीक्षा तथा अन्तरवार्ता पूर्णाङ्क २५ को अंक विभाजन देहायबमोजिम हुनेछ ।

- व्यक्तित्व १
- विषय वस्तुको ज्ञान ६
- प्रस्तुतीकरण ४
- तार्किक क्षमता २
- आन्तरिक दक्षता २
- अन्तरवार्तामा उम्मेदवारलाई सत्तरी प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम अंक दिएमा प्रष्ट कारण खुलाउनु पर्नेछ । अन्तरवार्तामा उपु कोडिङ र डिकोडिङ गर्ने शिक्षा अधिकृत बाहेक अन्य सदस्यले मात्र अन्तरवार्तामा अंक प्रदान गर्नेछन् ।
- शैक्षिक योग्यता वापतको पूर्णाङ्क ५ हुनेछ । यसमा सम्बन्धित तहको न्युनतम शैक्षिक योग्यता वापत ३ अंक (प्रथम श्रेणीलाई ३ र द्वितीय श्रेणीलाई २ अंक)
- सम्बन्धित विषयमा माथिल्लो योग्यता वापत २ अंक (प्रथम श्रेणीलाई २ अंक र द्वितीय श्रेणीलाई १ अंक) सेवा अनुभव वापत ५ अंक हुनेछ । यसका लागि सामुदायिक विद्यालयको स्वीकृत दरबन्दी राहत र

नगरपालिकाको शिक्षण सहयोग अनुदानको दरबन्दीमा सेवा गरेको भए प्रत्येक वर्षको ०.५ अंकका दरले बढीमा ५ अंक दिइनेछ ।सेवा प्रमाणित सम्बन्धित नगरपालिकाबाट प्रमाणित भएको हुनुपर्नेछ ।

क) लिखित परीक्षाको प्रश्नपत्र तयार गर्ने र उत्तर पुस्तिका परीक्षण गर्ने जिम्मेवारी विषय विज्ञलाई दिइनेछ ।

ख) परीक्षाको मर्यादा कायम गर्न, उम्मेदवारका शैक्षिक योग्यताका प्रमाणपत्र तथा अन्य डकुमेन्टहरु रुजु गर्न, उत्तरपुस्तिका कोडिङ तथा डिकोडिङ् गरी अन्तरवार्ता नसकिन्जेल प्राप्ताङ्क गोप्य राख्ने जिम्मा शिक्षा अधिकृतको हुनेछ ।

ग) अन्तरवार्ता सकिएपश्चात प्रथम पत्रको प्राप्ताङ्कको पचास प्रतिशत, द्वितीय खण्ड विषयगतको शतप्रतिशत र प्रयोगात्मक तथा अन्तरवार्ताको शतप्रतिशत अंक जोडी अन्तिम नतिजा प्रकाशन गरिनेछ ।

घ) लिखित र मौखिक परीक्षाको समष्टिगत नतिजा अनुसार सर्वोकृष्ट अंक प्राप्त गर्ने उम्मेदवारलाई रिक्त पदमा बढीमा १ शैक्षिक सत्रका लागि नियुक्ति गर्न र योग्यता क्रमका आधारमा आवश्यक वैकल्पिक उम्मेदवारको नाम सूचिमा रहने गरी विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गरिनेछ ।

**बैठक नं. ३**

आज मिति ............................ गतेका दिन यस श्री ..........................................विद्यालयको शिक्षक छनोट समितिको बैठक सो समितिका अध्यक्ष एव विव्यस अध्यक्ष श्री ................................................ को अध्यक्षतामा बसी देहायको उपस्थितिमा निम्नानुसार निर्णयहरु पारित गरियो ।

उपस्थिती :

अध्यक्ष श्री ..................................................

सदस्य श्री ..................................................

सदस्य विषय विज्ञ श्री ..................................................

सदस्य विषय विज्ञ श्री ..................................................

सदस्य सचिव प्रअ श्री ..................................................

**प्रस्ताव नं१ सामान्य परीक्षा (प्रथम पत्रको)नतिजा प्रकाशन सम्बन्धमा ।**

निर्णय नं १ श्री ........................ विद्यालयको रिक्त करार /राहत दरबन्दीमा शिक्षक पदपूर्तिका लागि भएको प्रथम खण्डको परीक्षामा ...... जना सहभागी भएकोमा सामान्य परीक्षामा ....... जना उत्तीर्ण भएकोले उक्त उम्मेदवारहरुको नामावली वर्णानुक्रमअनुसार प्रकाशित गर्ने र निजहरुलाई दोस्रो खण्डको विषयगत परीक्षामा सहभागी गराउने निर्णय गरियो ।

तपसिलः

| क.सं. | उम्मेदवारको नाम | ठेगाना | तह विषय/ | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| | | | | |

**प्रस्ताव नं २ विषयगत परीक्षा को नतिजा तथा अन्तरवार्ताको लागि छनोट सम्बन्धमा । (दोस्रो पत्र)**

निर्णय नं २ प्रस्ताव नं २ माथि छलफल गर्दा श्री .......................... विद्यालयमा रिक्त रहेको करार / राहत शिक्षक दरबन्दीमा शिक्षक पदपूर्तिका लागि लिइएको प्रथम खण्डको सामान्य परीक्षाको पचास प्रतिशत अंक र दोस्रो खण्ड विषयगत परीक्षाको शतप्रतिशत अंक जोडी योग्यताक्रमका आधारमा सबैभन्दा बढी अंक ल्याउने देहायका ...... जनाको नाम नेपाली वर्णानुक्रममा प्रकाशन गरी प्रयोगात्मक परिक्षा तथा अन्तरवार्तामा सहभागी गराउने निर्णय गरियो ।

तपसिलः

| क.सं. | उम्मेदवारको नाम | ठेगाना | तह विषय/ | कैफियत |
|---|---|---|---|---|
| 1 | | | | |

**बैठक नं ४**

आज मिति ............................ गतेका दिन यस श्री ..........................................विद्यालयको शिक्षक छनोट समितिको बैठक सो समितिका अध्यक्ष एव विव्यस अध्यक्ष श्री ................................................ को अध्यक्षतामा बसी देहायको उपस्थितिमा निम्नानुसार निर्णयहरु पारित गरियो ।

उपस्थिती :

उपस्थिती :

अध्यक्ष श्री ................................................

सदस्य श्री ................................................

सदस्य विषय विज्ञ श्री ................................................

सदस्य विषय विज्ञ श्री ................................................

सदस्य सचिव प्रअ श्री ................................................

**प्रस्ताव नं १ अन्तरवार्ता सहितको समष्टिगत नतिजा सम्बन्धमा ।**

निर्णय नं १ श्री ........................................ विद्यालयमा रिक्त रहेको ................ तह तृतीय श्रेणीको स्वीकृत/ करार/ राहत/ शिक्षण सहयोग अनुदान .......................... विषयको शिक्षक पदमा पदपूर्तिका लागि लिइएको लिखित र मौखिक परीक्षाको समष्टिगत नतिजा देहायबमोजिम प्राप्त भयो ।

| क. सं | उम्मेदवारको नाम | ठेगाना | सामान्य परीक्षाको ५० % | विषयगत परीक्षाको १००% | अन्तरवार्ता (१५) | शैक्षिक योग्यता | | अनुभव ५ अंक | प्रयोगात्मक परीक्षा (आवश्यता नुसार) २५% | कुल जम्मा | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | न्यूनतम (३) | माथिल्लो (२) | | | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |

प्रस्ताव नं.२ अन्तिम नतिजा प्रकाशन सम्बन्धमा ।

निर्णय नं.२ निर्णय नं १ बमोजिम लिखित एवम् मौखिक परीक्षाबाट प्राप्त नतिजा अनुसार उत्तीर्ण भइ सर्वोकृष्ट नतिजा प्राप्त गरी प्रथम स्थान हासिल गर्नुभएका श्री...............................लाई सफल उम्मेदवारको रुपमा उल्लेख गरी अन्तिम नतिजा प्रकाशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३ करार नियुक्तिका लागि सिफारिस सम्बन्धमा ।**

**निर्णय नं.३** निर्णय नं २ बमोजिम प्राप्त नतिजा अनुसार उत्तीर्ण भई सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेवार श्री .......................लाई यस........................विद्यालयको क्षकशि............../अनुदान /राहत /विषयको करार............श्रेणी............तह............ पदमा बढीमा १ शैक्षिक सत्रका लागि नियुक्ति गर्न सिफारिस गर्ने निर्णय गरियो । साथै योग्यता क्रमका आधारमा क्रमश वैकल्पिक नं१ श्री............................र वैकल्पिक नं२ श्री................... लाई यस परीक्षाको नतिजा प्रकाशन भएको मितिले १ वर्षभित्र यस शिक्षक पद रिक्त भएमा उक्त रिक्त शिक्षक पदमा स्वतः नियुक्तिका लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.४ अभिलेख तथा कागजातको सुरक्षा सम्बन्धमा ।

निर्णय नं.४ शिक्षक छनोट परीक्षा सम्बन्धी अभिलेख, उत्तरपुस्तिका, कोडिङ डिकोडिङ फाराम, अन्तरवार्ता मूल्याङ्कन फाराम लगाएतका सम्पूर्ण कागजात कम्तिमा छ महिनासम्म सुरक्षित राख्ने जिम्मेवारी विद्यालयका प्रधानाध्यापकलाई दिने निर्णय गरियो ।